| 11CRP33701169-4/078/79-11 | Roadway excavation with Retaining Structure, Pipe Culverts & Gravelling works on Palungtar-Harmi-Chhoprak-Gankhu-Shreenathkot-Jaubari-Muchhok-Simjung-Ghyachchok sadak | 13,583,341.89 | 3000.00 | 390,000.00 | 90 days |
| 11CRP33701119-4/078/79-12 | Construction works of Benighat-Arughat-Larkebhanjyang Road between Ch.0+000 and Ch.10+000 | NA | 5000.00 | 680,000.00 | 90 days |

2. **Information to deposit the cost of bidding document and bid bond in bank:**

| Office Name | 11 Kilo-Chhepetar-Bhaluswara-Barpak Road Project, Gorkha | Last date of Submission | 2078-11-29 (13th March 2022) Time:- 12:00 hrs. |
|---|---|---|---|
| Name of Bank | Rastriya Banijaya Bank, Gorkha | Opening | 2078-11-29 (13th March 2022) Time:- 13:00 hrs. |
| Deposit Account No. : | 10002000100001 | Pre-bid meeting | 2078-11-11 (23th Feb 2022) Time:- 11:00 hrs. |
| Rajaswa shirshak no.: | 14229 | Office Code no.:- | 337013601 |

3. Bidder Can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp.
4. Online bids must be valid for a period of 120 days for tenders counting from the day of bid opening and must be accompanied by bid security which shall be valid for minimum 30 days beyond the bid validity period.
5. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064. Any amendments in tender notice shall be published in e-procurement section.
6. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
7. 11 Kilo-Chhepetar-Bhaluswara-Barpak Road Project, Gorkha reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Project Manager**



Hilton Academy Pvt.Ltd. A great place for career

## HOSPITALITY TRAINING
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोटः ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

मध्यान्ह
www.madhyanhadaily.com
२६ माघ २०७८, बुधबार
09 February 2022, Wednesday

सम्पादकीय

## राजनीतिमा विभाजित मनोविज्ञान

तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को गठनले नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)लाई मात्रै एक बनाएको थिएन, नेपाली राजनीतिलाई नै शुद्धिकृत गराउने अभियान चलाएको थियो । एमाले र माओवादी केन्द्रबीचको एकतासँगै वामपन्थी दलहरूबीच मात्रै धुव्रीकरण भएन राजावादी तथा हिन्दुवादी दलहरूसँगै तराई–मधेश केन्द्रीत दलहरूबीच पनि एकताको पहल भयो । ०७५ जेठ ३ गते एमाले र माओवादी केन्द्रबीच एकता भएर नेकपाको गठन भएको थियो भने ०७६ फागुन २८ मा राप्रपा नेपाल र राप्रपा (प्रजातान्त्रिक)बीच एकता भएर राष्ट्रिय प्रजातन्त्र पार्टी बनेको थियो । राजावादी तथा हिन्दुवादीबीच एकता घोषणा भएको छाटो समयमै २०७७ वैशाख १० मा राष्ट्रिय जनता पार्टी (राजपा) र समाजवादी पार्टीबीच एकता भएको थियो । यसबीच साना तथा खुद्रा शैलीका थुप्रै पार्टी तथा समूहहरू ठूला पार्टीमा मिसिने क्रम पनि चल्यो । विचारधाराअनुसार राजनीतिमा धुव्रीकरण देखियो । जसले राजनीतिमा सफा गराउने बाटो पनि समात्यो ।

तर, पार्टी गठनको दुई वर्ष नपुग्दै नेकपाभित्र गम्भीर शैलीमा विवादहरू देखिए । विवादकै बीच सत्ताको नेतृत्वसमेत गरेका केपी शर्मा ओलीले चरम सत्ताको दुरूपयोग गरे । उनले एकीकृत बनेको जनमतलाई देखाएर संविधानलाई नै च्यात्ने गरि ताण्डव नृत्य गरे । ओलीले पार्टीभित्रको विवादलाई व्यवस्थापन गर्न तिर होइन सत्ताको बल प्रयोग गरेर राज्यसत्तालाई नै लथालिङ्ग पार्ने काम गरे । तत्कालिन नेकपा विघटन ओलीभित्र पलाएको सर्वसत्तावाद र चरम शक्तिमोहको कारण भएको थियो । तत्कालिन समय नेकपा नामको दल त ठूलो बन्यो तर, त्यसले देशलाई झनै गम्भीर दुर्घटनातिर डोऱ्यायो । जब नेकपाभित्र विभाजनको हुण्डरी चल्यो तब त्यसले क्रमशः अन्य दल तथा समूहलाई पनि विभाजित गरिदियो । नेकपाभित्र देखिएको विभाजनको असर नै सबैभन्दा पहिला जनता समाजवादी पार्टी (जसपा)लाई परेको थियो । शत्तामा रहिरहने ओली आकांक्षाको असर एकीकृत हुँदै गरेको जसपामा परेको थियो ।

नेकपा विघटित हुँदा एमाले र माओवादी केन्द्र बनेको थियो । तर, त्यसले लगत्तै एकीकृत समाजवादीको गठन गराउन बाध्य बनायो । एकीकृत नभइसकेको जसपा विभाजित बन्यो र लोसपाको निर्माण भयो । आज एमाले पुनः विभाजनको डिलमा उभिएको छ । एमसीसीको नाममा एमालेभित्र विभाजनको हुण्डरी चलिरहेको देखिन्छ । अर्कोतिर भर्खरै विभाजित बनेको जसपाभित्र पनि फेरि अर्को विभाजनको हुण्डरी चलेको छ । जसपाभित्र पुरानै तीन समूह तीन कित्तातिर उभिएका छन् । अर्कोतिर थुप्रै तराई–मधेश केन्द्रीत समूह एक भएर बनेको लोसपाभित्र पनि विभाजनको हुण्डरी चलिरहेको छ । योबीचमा साना खद्रे शैलीका राष्ट्रिय जनमोर्चा, गोपाल किँरातीको माओवादीलगायत पनि विभाजित भएका छन् । जसको श्रृखंला अहिले राप्रपामा देखिएको छ । आफैँले एकीकृत गराएको पार्टीबाट कमल थापा अलग भएका छन् । नेतृत्वको लडाईँमा असफल बनेपछि थापाले अलग हुने बाटो समाएका थिए । उनी बेग्लै पार्टी निर्माणको तयारीमा समेत देखिन्छन् । दलहरूभित्र देखिएको विभाजनको घटनाले राजनीतिलाई निकै विकृत बनाउने सम्भावना बढाएको छ । यसले जनमतलाई विभाजित मात्रै गर्ने छैन् जनतालाई अपेक्षालाई पनि तुसारापात गराउने छ । विभाजित राजनीतिको असर आउने सत्ता र सरकारमा पर्ने निश्चित छ ।

# देउवा सरकारसित नागरिकको अपेक्षा

**वास्तवमा सबैलाई विदितै छ कि यो सरकार नेकपाको टुट र फुटले गर्दा निर्माण भएको हो । यो सरकारसित नागरिकको त्यस्तो कुनै अपेक्षा नै थिएन र यसरी नेकपा सरकारको विकल्प खोज्नु पर्नेछ भनी कसैले सोचेका पनि थिएनन् ।**

अग्रलेख




● निष्णु थिङ

गत निर्वाचनमा एकाएक वाम गठबन्धन बनेपछि नेपाली कांग्रेसको शक्ति संसदमा क्षीण भयो । संसदमा प्रतिपक्ष छ कि छैन ? जस्तो परिस्थिति सिर्जना भयो । वाम गठबन्धनबाट बनेको नेकपा नै आफै सरकार र प्रतिपक्ष दुवै भूमिकामा देखिन्थ्यो । नेकपाका एउटा अध्यक्ष केपी ओलीसित प्रचण्ड र माधव नेपालको खटपट बढ्दै जाँदा संसद दुई पटक विघटन हुन पुग्यो । सर्वोच्च अदालतले दुवै पटक संसद पुनर्स्थापना गरेर यति दिनभित्रमा सपथ ग्रहण गराउनु भन्ने आदेशपछि ओली जुलुस निकाल्दै बालकोट जान बाध्य भए ।

प्रधानमन्त्री देउवाले केही दिन अगाडि राष्ट्रको नाममा सम्बोधन गरे । उनको सम्बोधनमा उत्साहजनक केही थिएन । उही निरस र आफ्नो सरकारको बद्ख्वाँई गर्ने बाहेक केही पनि ४७ बुँदामा पाइएन । उनका लामो सम्बोधनमा थुप्रै अड्कलबाजी र दावीहरू छन् । देउवा सरकार गठन हुने भएपछि त्यसलाई सैद्धान्तिक जामा पहिऱ्याउन 'न्यूनतम नीति तथा कार्यक्रम' गठबन्धन सरकारले सार्वजनिक गरेको थियो । ती दस्तावेजमा उल्लेख भएका कार्यहरू देउवा सरकारले छ महिना बित्दासमेत सिन्को नभाँच्नु कुनै नौलो होइन । अहिले बजारमा सामान्य सिटामोलको पनि अभाव छ । यो सरकारले आफ्नो न्यूनतमा नीति तथा कार्यक्रममा कोरोना महामारीमा यो गर्छु, त्यो गर्छु त हरफ हरफमा घोषणा गरेका छन् । तर अहिलेसम्म केही तयारी पनि नगरेको देखियो । यो सरकारसित पूर्ववर्ती सरकारको कोभिडका अनुभव र प्रत्यक्ष भोगाईको ज्ञान थियो । ओली सरकारसित कोभिडसित कसरी जुध्ने कुनै ज्ञान, अनुभव र सिकाइ थिएन । महामारी नै पहिलो पटक भएकोले अघिल्लो सरकारलाई साह्रो गाह्रो थियो । तर, यो सरकारसित पूर्ववर्ती सरकारका यी सबै सुविधाहरू हुँदा हुँदै पनि महामारीमा आवश्यक पर्ने आधारभूत औषधि र सामग्रीहरूको अभाव गराउनु भनेको सानोतिनो अपराध होइन । ओली सरकारले व्यवस्था गरेका खोपहरू थिए, तिनको कुशल व्यवस्थापन र वितरण मात्रै यो सरकारले गर्न सकेको भए धेरै राम्रो हुने थियो ।

हुन त व्यक्तिको रूपमा देउवा र दलको रूपमा नेपाली कांग्रेस र अरू दलहरू नयाँ होइनन्, जनताका बीचमा परिक्षित शक्तिहरू हुन् । देउवा सरकारप्रति नागरिकमा त्यस्तो ठूलो उत्साह न हिजो थियो न आज छ, न भोलि हुन्छ होला ! बजारमा नगदको अभाव छ, मुद्रास्थिति बढ्दो छ, महङ्गी अचाक्ली बढेको छ र पेट्रोल डिजेलको भाउ बढाएको बढाएकै छ । बैंकहरूमा वित्तीय तरलताले गर्दा स्थिति भयावह बनेको छ । ओली सरकारलाई यति र ओम्नी समूहले भरपुर प्रयोग गरेर फाइदा लुट्ने काम भयो । त्यसैले नेकपालाई बदनाम गरायो । त्यस्तै दृश्य अहिले बतास समूहले ल्याएको छ । यस्ता विभिन्न स्वार्थ समूहहरूको वरिपरि नाँच्ने सरकार नागरिकका जीउ धन, रोजगारी र महामारीमा गाँस, बास र कपासको कुनै चिन्ता नै छैन । लामो पृष्ठमा लेखेका न्यूनतम कार्यक्रमका दस्तावेज र दिक्कलाग्दो सम्बोधनको कुनै अर्थ छैन । लाखौं मानिसले रोजगारी गुमाएका छन् । अनौपचारिक रोजगारीका क्षेत्रहरू ठप्पै जस्तो छन् । नागरिकलाई हातमुख जोर्न गाह्रो छ । राज्यको ढुकुटीमा पुँजीगत रकम खर्च गर्न नसकेर बर्षेनी फ्रिज हुन्छन् । यसपालिको दृश्यमा पनि तात्विक भिन्नता छैन । गठबन्धन सरकारको न्यूनतम नीति तथा कार्यक्रम र प्रधानमन्त्रीको सम्बोधन तुलना गर्दा कथनी र करणीमा आकाशपातालको खाडल छ ।

न्यूनतम साझा कार्यक्रममा, 'विश्वविद्यालयहरूलाई राजनीतिक हस्तक्षेपहरूबाट मुक्त गर्ने, पदोन्नति प्रणालीलाई व्यवस्थित गर्न विश्वविद्यालय ऐनमा सुधार गर्ने' उल्लेख छ । तर सरकारले भर्खरै त्रिविका त्यत्रा अनियमित शिक्षकहरूलाई स्थायी गर्ने निर्णय प्रधानमन्त्रीको विशेष चासो र दवावमा हुन गयो । त्रिवि सेवा आयोगलाई प्रभावकारी नभएर यस्ता आफ्ना कार्यकर्ता भर्ना गर्ने सोचबाट सरकार टसमस नभएको देखियो । सरकारले एकातिर भन्ने अर्कोतिर गर्ने कस्तो असंगति देखियो



**देउवा सरकारबाट नागरिकले प्रतिनिधिसभाको पूरा कार्यकाल र समयमै आवधिक निर्वाचनभन्दा बढी केही अपेक्षा गरेका छैनन् । त्यसैलाई पूरा गर्नुमा नै देउवाको सफलता निहित छ । निर्वाचन पछाडि आफै छैठौं पटक प्रधानमन्त्री हुने र पुनः एक पटक कसैगरी सात पटकको लक्ष्य पूरा गर्न सके देश सफल नभए नि देउवा अवश्य सफल हुने छन् ।**

भने त्यसलाई कसले सच्याउने होला ? सरकार संविधान र कानुनले प्रत्याभूत गरेको मातृभाषामा शिक्षा दिने कुरा गर्छन् तर संविधान, कानुन केहीले नचिनेको अंग्रेजी भाषामा पढाउने नाममा देशभरि नमूना विद्यालय घोषणामा किंकर्तव्यविमुढ छ । गाउँ गाउँमा शिक्षणको माध्यम अंग्रेजीकरणले सबै विद्यालयहरू खर्लप्पै निलिरहेको सन्दर्भमा सरकार मौन बस्ने बाहेक केही भएको छैन ।

वास्तवमा सबैलाई विदितै छ कि यो सरकार नेकपाको टुट र फुटले गर्दा निर्माण भएको हो । यो सरकारसित नागरिकको त्यस्तो कुनै अपेक्षा नै थिएन र यसरी नेकपा सरकारको विकल्प खोज्नु पर्नेछ भनी कसैले सोचेका पनि थिएनन् । यसले नागरिकको जीँउधनको रक्षा गर्ने, सुशासन ल्याउने, भ्रष्टाचार न्यूनीकरण गर्ने, विकासका मूल फुटाउने, महामारीमा नागरिकलाई त्यसबाट जोगाउने, नागरिक अर्थतन्त्र र राष्ट्रिय वित्तीय मजबूतीकरण गर्ने जस्ता कार्यहरू गर्छन् भने एकरति पनि अपेक्षा गरेका थिएनन् र छैनन् पनि । यस्तो महामारीमा सरकारले उर्दी जारी गर्ने बाहेक केही गर्दैन, 'आफ्ना ज्यान आफै जोगाउ' भन्ने त नागरिकले पहिलेदेखि नै जानेकै विषय हुन् । ओली सरकारले संविधानको मूलमार्गबाट (लिक) बाहिर देशलाई लैजाने खोजेकाले यो सरकारको विकल्प आएको हो । त्यो पनि महन्थ ठाकुरले बुद्धि नपुऱ्याएकाले गर्दा देउवाले उनका ज्योतिषीका भविष्यवाणी गरे जस्तै पाँचौ पटक प्रधानमन्त्री हुन पाए । सातौं पटक प्रधानमन्त्री बन्ने उनको धोको पूरा होला जस्तो छ । हुन त देउवा अथवा कोही कति पटक प्रधानमन्त्री भयो र त्यसैका आधारमा मुलुकको विकास हुने होइन । को कति पटक प्रधानमन्त्री भयो भन्ने कुराले जनताको जीवनस्तरमा कुनै तात्विक फरक पर्नेवाला पनि छैन । न नागरिकलाई कुनै हाइसञ्चो नै छ । जति पटक प्रधानमन्त्रीको सूचीमा नाम चढिन्छ, त्यति नै जनताका दुखका पहाड अग्लिदै जाने त हो नि । तैपनि गिनिज बुकमा नाम लेखाउने रहर र मौका देउवामा प्रबल छ । गिनिज बुकमा नाम लेखाउन राम्रो काम गरेर रेकर्ड ब्रेक गर्नै नपर्ने रहेछ । खराबहरूमध्ये सबभन्दा खराब हुन सके पनि त नाम त लेखिदो रहेछ । नागरिकलाई सुशासन दिएर नाम लेखाउन नसके पनि कुशासनै थोपरेर भए पनि नाम लेखाउने होडबाजीमा देउवा अग्रस्थानमा हुनु कुनै अचम्म र विशेष प्रतिभा होइन । बतास समूहको बतासमा बतासिए पनि नहतासिने देउवालाई प्रधानमन्त्री हुनु भनेको रत्नपार्कमा फन्को मारेजस्तै त होनि ।

देउवाको छ महिने कार्यकालको कार्यसम्पादन मूल्यांकन गर्ने हो भने उनले प्रमको कुर्सीमा बसेर नेपाली कांग्रेस दलको सभापतिमा पुनः निर्वाचित हुन त्यो सत्ता, शक्ति र स्रोत खर्चने बाहेक केही काम गरेनन् । हुन त जुन सरकारबाट नागरिकलाई केही अपेक्षा नै छैन, त्यो सरकारले केही गरेन भनेर गुनासो गर्नुको के मतलब ! देउवा र यो गठबन्धन सरकारबाट नागरिकले त संविधान र कानुनले कोरेको मूलमार्गमा हिँडुन् भन्ने मात्र हो । समयमा आवधिक निर्वाचन गरुन् र पुनः निर्वाचित भएर सत्ताको तर मारुन् भन्ने नै हो । तर नजिकिदो स्थानीय सरकारको निर्वाचनलाई पर सारेर यो सरकारले नियमित कानुनी मार्गबाट मुलुकलाई अन्तै लैजाने हो भने ओलीभन्दा यिनीहरू के अर्थमा भिन्न हुन् ? छुट्याउन अन्तवारै पर्खनु पर्दैन ।

देउवा सरकारबाट नागरिकले प्रतिनिधिसभाको पूरा कार्यकाल र समयमै आवधिक निर्वाचनभन्दा बढी केही अपेक्षा गरेका छैनन् । त्यसैलाई पूरा गर्नुमा नै देउवाको सफलता निहित छ । निर्वाचन पछाडि आफै छैठौं पटक प्रधानमन्त्री हुने र पुनः एक पटक कसैगरी सात पटकको लक्ष्य पूरा गर्न सके देश सफल नभए नि देउवा अवश्य सफल हुने छन् । त्यसको लागि पनि बेलैमा स्थानीय तहको निर्वाचन गरून् । देशमा लोकतन्त्र आयो भन्छन्, तर नागरिकको यी लोकतान्त्रिक भनाउँदा सरकारबाट कुनै आशा, उत्साह, भरोसा उड्दै जानु भनेको सरकार लाक्षी हुदै गएको संकेत हो । नेकपा माओवादी र एकीकृत समाजवादीको संगठनको पार्टपूर्जाहरू राम्रोसित मिलिनसकेकोले निर्वाचनमा विलम्ब गराउन खोज्नु दलीय हिसाबले ठीकै हुन् । तर देउवाले त्यसको मोहरा बन्नु हुदैन । समयमै निर्वाचन गराउने र छिटोछिटो सात पटक प्रधानमन्त्री बन्ने काम गरे, इतिहासमा नागरिकले सम्झिउन् कि नसम्झिउन् तर वालुवाटारको भित्तामा फोटो त अवश्य झुण्डिरहने छ ।

सामाजिक सञ्जाल



- टेकराज अवस्थी

कमल थापा राप्रपाबाट अलगिनु, भीम कुमार रावल एमालेमै बसीरहनु र रबिन्द्र मिश्र राजनीतिमै रहिरहनुले केही अर्थ राख्छ र ? यति चाहिँ हो गुमनाम नहुन समाचार बनिरहन्छ ।



- विज्ञान कोइराला

कमल थापा र प्रचण्डहरू अध्यक्ष भएन भने बौलाउछन् । हरेक पार्टीबाट छेपारे प्रवृत्तिका अवसरवादीहरू यसरी नै भारि मन तथा पीडाबोधका साथ अलग हुनु जरूरी छ । राप्रपाबाट आज भर्खरै १ जना अलग्गिए । अन्य दलका छेपाराहरूको पालो कहिले ? बरू सबै छेपाराहरू स्थानीय तहको चुनाव अघि नै अलग्गिए राम्रो हुन्छ ।



- डा. जगन कार्की

गीताको कसम खाएर धर्मको राजनीति नै गलत थियो, अब त्याग गरेर राम्रो सुरूवात गर्नु भएछ कमल थापाजीले । अर्को पार्टी खोलेर लफडा नलिनोस् । अब सबैलाई मूल्य, मान्यताको राजनीतिको उदाहरण प्रस्तुत गर्नुस् । आजीवन शक्ति र पदमा बस्ने नेपालका नेतालाई नैतिक पाठ हुनेछ ।



- नरेन्द्र महट्रा

राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले कमल थापालाई अध्यक्षमा पराजित मात्र गरेनन् पार्टीबाटै निष्कासित हुन बाध्य गरिदिए । मान्नुपर्छ लिङ्देनलाई । अब यस्ता बुढापाकाहरूलाई यसैगरी पाखा लगाएको राम्रो । अरू पार्टीका नेताहरूसँग यस्तो हिम्मत कहिले आउला ?



- बुद्ध तारासिंह मगर

नेपालको नेताहरूको दिमागमा गोबर भरिएको हुनेरहेछ कि क्या हो? पद पाउँदासम्म कुनै पार्टीको नेता हुम भनेर मजाले भुक्ने, पद नपाए पार्टी छोड्ने, पार्टी फुटाउने । राजनीतिक पार्टी कुनै व्यक्तिको निजी सम्पत्ती होर ? सधैँ आफू मात्र अध्यक्ष हुनुपर्छ भन्ने छैन जनमतको कदर गर्नुपर्छ ।

# कमल थापाको यात्राले उब्जाएको प्रश्न

**पछिल्लो केही महिनायताका कमल थापाले मेरो त्यो आदर्श तस्बीरलाई कालोमैलो बनाएका छन् । उनको यो स्खलन सामान्य छैन । आज उनमा नेतृत्वको एउटा गुण पनि बाँकी छैन । उनी यति लुब्ध, अस्थिर, असहिष्णु र दुर्मुख हुन सक्छन् भन्ने मलाई कहिल्यै लागेन । हिजो उनको अन्तर्वार्ता र वाक्पटुताले त्यसै त्यसै तान्थ्यो, आज त्यही विचरा जस्तो लाग्छ ।**

टिप्पणी



● नारायण गाउँले

संयोग होला, मलाई पार्टी जे सुकै भए पनि नेताहरूमा तीनवटा थापा खास लाग्थे ! सूर्यबहादुर थापा, कमल थापा र गगन थापा !

सूर्यबहादुर थापाको भाषण र व्यक्तित्व मलाई औधि मन पर्थ्यो । कुनै बेला त्यस्तै भाषण गर्न सक्ने बन्ने लोभ पनि थियो । उनको राजनैतिक गुण–अवगुण या कूटनीतिक चातुर्यबारे मेरो पुस्ताले प्रत्यक्ष अनुभवचाहिँ संगालेको छैन ।

गगन थापाको भाषण त धेरैलाई मन पर्छ नै, मलाई चाहिँ संसदमा हरेक विषयको बहसमा भाग लिने र निकै अध्ययन र खोज गरेर तर्क गर्ने शैली खुब मनपर्छ । संसद बाहिरको भाषण त मेरो ठूलो रुचीको विषय रहेन तर, संसदमा त्यत्तिको तथ्यांक र स्पष्ट निकासका विकल्पसहित बहस गर्ने त्यस्तै अध्ययनशील धेरै सांसद भइदिए भन्ने अहिले पनि लाग्छ ।

कमल थापाको राजनैतिक दर्शन र मुद्दाको समर्थक हुनु नहुनु अलग विषय हो । कमल थापामा मलाई एउटा नेतामा हुने धेरैवटा गुण छन् जस्तो लाग्थ्यो । शारीरिक 'फिटनेस'देखि उनको बोल्ने र तर्क गर्ने शैली लोभलाग्दो थियो । व्यंग्य त हुन्थ्यो, तर उनको भाषणमा गाली र नमिठा शब्द हुँदैनथे । जस्तोसुकै कठिन परिस्थिति र दबाबमा पनि दृढ़ता र मुस्कान देखिने उनको अनुहारले एउटा परिपक्व नेताको छनक दिन्थ्यो । उनी मूलधारका पार्टीमा भएको भए शायद धेरै अघि प्रधानमन्त्री बन्ने पनि थिए । उनले अघिल्लो पटक केपी शर्मा ओली नेतृत्वको सरकारको उपप्रधानमन्त्री हुँदा जसरी काम गरेका थिए, जसरी देशको आवाज र प्रतिनिधित्व राष्ट्रिय–अन्तर्राष्ट्रिय फोरममा राखेका थिए, आज पनि



त्यो उदाहरणीय छ । हामीलाई त लाग्छ, हाम्रो वीरता र शक्तिसँग डराएर भारतले अघोषित नाकाबन्दी फिर्ता गरेको थियो, यथार्थमा भने देशमा भाग शान्तिका लागि आधा दर्जन उपप्रधानमन्त्री भएको त्यो समयमा यिनको उच्चस्तरको कूटनीतिक कसरत र सुझबुझ निकै अर्थपूर्ण थियो ।

तर, पछिल्लो केही महिनायताका कमल थापाले मेरो त्यो आदर्श तस्बीरलाई कालोमैलो बनाएका छन् । उनको यो स्खलन सामान्य छैन । आज उनमा नेतृत्वको एउटा गुण पनि बाँकी छैन । उनी यति लुब्ध, अस्थिर, असहिष्णु र दुर्मुख हुन सक्छन् भन्ने मलाई कहिल्यै लागेन । हिजो उनको अन्तर्वार्ता र वाक्पटुताले त्यसै त्यसै तान्थ्यो, आज त्यही विचरा जस्तो लाग्छ ।

मेरो एउटा अवगुण छ, जति नै मन नपर्ने पार्टी, टीम या देश भए पनि चुनाव या खेलमा पराजित भइसकेपछि किनकिन सहानुभूति पलाउँछ । यतिसम्म कि सिनेमा हेर्दा हेर्दै आफै पर्दाभित्र छिरेर उडाइदिऊँ जस्तो लाग्ने खलपात्रको पतनपछि चाहिँ उसप्रति नै दया पलाएको हो कि हो कि जस्तो लाग्छ । शायद धेरैलाई त्यस्तै हुन्छ होला । तर, यसपालि उल्टो भयो । आफैलाई खास लाग्ने कमल थापाको पराजयले त्यस्तो कुनै अनुभूतिसमेत दिलाएन ।

तपाईंलाई के लाग्छ, हिजो शालीनताको खोलमात्रै थियो र मान्छे यस्तै फ़न्टुस नै थिए या धेरैको जीवनमा घट्ने घटनाजस्तै एउटा पराजयले उनलाई यति धेरै अस्थिर र स्खलित बनायो होला ?

# एमालेसँग एक्लै प्रतिस्पर्धा गर्ने सामर्थ्य कुनै दलसँग छैन : रायमाझी



**शोभाखर पन्थी /मध्यान्ह**
अर्घाखाँची, २५ माघ

नेकपा एमालेका केन्द्रीय सचिव टोपबहादुर रायमाझीले नेकपा एमालेसँग प्रतिस्पर्धा गर्न सक्ने सामर्थ्य कुनै राजनीतिक दलमा नभएको बताएका छन् ।

नेकपा एमालेका केन्द्रीय सदस्य गिरधारीलाल न्यौपानेका दिवंगत पिता खिमानन्द न्यौपानेको श्रद्धाञ्जली कार्यक्रममा मन्तव्य राख्दै उनले मुलुकको विकास र समृद्धि नेकपा एमालेबाट मात्रै संभव भएको भन्दै आगामी निर्वाचनमा एमालेले अत्यधिक ठाउँमा विजय प्राप्त गर्ने दावी गरे ।

पूर्वउपप्रधानमन्त्री समेत रहेका रायमाझीले दिवंगत न्यौपाने नेकपा एमालेको असल अभिभावक भएको भन्दै न्यैपानेको निधनले पार्टीलाई अपुरणिय क्षति भएको बताए । स्वर्गीय न्यौपानेले राजनीतिक र सामाजिक क्षेत्रमा पुर्याएको योगदानको चर्चा गर्दै उनले देश र जनताले ती योगदानको स्मरण गरिरहने बताए ।

कार्यत्रममा मन्तव्य राख्दै नेकपा एमालेका पोलिटव्यूरो सदस्य बिमला घिमिरेले नेकपा एमालेको पक्षमा व्यापक जनलहर देखेपछि सरकारी गठबन्धन झस्किएको बताए ।

उनले नेकपा एमालेको दबाबका कारण सत्ता गठबन्धन चुनाव गराउन बाध्य भएको भन्दै जनताले सत्ताधारी गठबन्धनलाई चुनावमा ठेगान लगाउने दावी गरे । राष्ट्रिय सभाका सदस्यसमेत रहेका घिमिरेले दिवंगत न्यौपानेले समाज रुपान्तरण र बिकासमा पुर्याएको योगदानको मुक्तकण्ठले प्रशंसा गर्दै न्यौपानेका अपुरा सपना पार्टीले पूरा गर्ने दृढता समेत प्रकट गरे ।

नेकपा एमालेका नेता जिवलाल घिमिरेको संचालनमा सम्पन्न कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य द्वय चन्द्रबहादुर खड्का उज्ज्वल ,बलराम अधिकारी, एमाले केन्द्रीय सल्लाहकार परिषद् सदस्य नरेन्द्र कुमार क्षेत्री, ईन्द्रमणि पौडेल, काशीराम बेल्बासे, लुम्बिनी प्रदेश कमिटीका सचिवालय सदस्य तथा प्रदेशसभा सदस्य रामजी प्रसाद घिमिरे, नेकपा एमाले अर्घाखाँचीका अध्यक्ष पीताम्बर भुसाल, कपिलवस्तुका अध्यक्ष डम्बर शर्मालगायतले श्रद्धाञ्जली अर्पण गरेका थिए ।

# विकास निर्माणका कामको स्थलगत अनुगमन



**यामराज विष्ट /मध्यान्ह**
दैलेख, २५ माघ

महाबू गाउँपालिकाले पालिका क्षेत्रभित्रका विकास निर्माणमा भइरहेका कामको स्थलगत अनुगमन गरेको छ । गाँउपालिकाले ६ वटै वडामा निमाणाधीन योजानाहरुको स्थलगत अनुगमन गरको हो ।

सम्बन्धित क्षेत्रका संयोजकहरु, प्राविधिक तथा ईन्जिनियरहरुको उपस्थितिमा वडा नम्बर १ अन्तर्गत गठित उपभोक्ता समूहहरुबाट सम्पन्न भएका विभिन्न १० वटा योजानाहरुको प्रभावकारिता जाँच्नका लागि गरिएको अनुगमनलाई गाँउपालिकाले निरन्तरता दिने उपाअध्यक्ष प्रेम बुढाले मध्यान्हलाई जानकारी दिइन् । गाउँपालिकाभित्र भैरहेको विकास निर्माणका कामको प्रत्यक्ष जानकारी लिन आफू अनुगमनमा निस्किएको प्रेम बुढाले बताइन् । सिचाईं कुलो, पोखरी, सडकमा निर्माण गरिएका नाला, मेसीनरी वाल लगायत १० वटा योजानाहरुको स्थलगत अनुगमन गरिएको उपाअध्यक्ष बुढाले मध्यान्हलाई जानकारी दिइन् । यस्तै अनुगमनलाई निरन्तरता दिने प्रमुख प्रशासकीय अधिकृत भलाराम पंगालीले बताए । योजना निर्माणमा गुणस्तरीय कार्य र तोकिएको समयमा काम सम्पन्न हुनुपर्ने तथा स्थानीय उपभोक्ता समितिको भूमिका महत्वपूर्ण हुनेमा प्रशासकीय अधिकृत पंगालीले जोड दिए । अनुगमनको क्रममा सम्पन्न भएका सबै योजनाहरु तोकिएको मापदण्डअनुसार नै सम्पन्न भएको पाइएको र मापदण्ड पूरा नगररै सम्पन्न भएका योजनाहरुको हकमा भुक्तानी दिँदा कटौती गरेर दिने पंगालीले जानकारी दिए । अनुगमनका क्रममा कामले गति लिएको पाइएको साथै कामका क्रममा आएका विभिन्न समस्याको समाधानमा पहल समेत गर्ने उनले बताए ।

## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**सैनवार, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

### दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०७८/१०/२६**

यस कार्यालयको तपशिलमा उल्लेखित खरिद कार्यहरुको लागि प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतीका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सूचना नं | विवरण | स्वीकृत हुने फर्मको नाम | कबोल अंक (मु.अ.कर सहित) |
|---|---|---|---|
| MG/G/NCB/TBNP 18/078/079 | Procurement of School Tracksuits Upto Class Five Students | Lucky A.S. Enterprises, Babarmahal-11 | 3773030.45 |

प्रमुख प्रशासकीय अधिकृत


## कतारमा रोजगारको अवसर | कम्पनी: AL ARZ AUTOMATIC BAKERY
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/१०/२५ चलानी नं.: ६०१७४१६८ L.T. No.:257673

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Packing Worker | 10 | 0 | | 1000 | ३२,६४० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ४ गते (16 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**JALAJALA RECRUITMENT PVT. LTD.**
Gov. Lic No. 1224/074/075
Samakhushi-29, Kathmandu, Nepal, Tel: 4350257, 4350900, 9849007152
Email: jalajalarecruitment@gmail.com, Web.:www.jalajalarecruitment.com

## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TRANSFORMER & BUS WAY SOLUTIONS COMPANY शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/१०/२४ चलानी नं.: ६०१७४१८७ LT. No.: 257422

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 10 | 0 | स. काममा दक्ष | 1200 | ३८,१३६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुण ४ गते (16 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**PALIV INTERNATIONAL PVT. LTD.**
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Chapalkarkhana, Kathmandu Tel: 01-4418268
Mobile No.: 9818401550, 9841358826
Email: info@Palivinternational.com, palivinternational74@gmail.com | URL: www.palivinternational.com


## Division Forest Office Bheri
### Panchapuri Municipality Babiyachaur
**Karnali Province, Surkhet**

### Invitation For Bids

**Date Of Publication: 2078/10/26 (2022/02/09)**

Division Forest Office Bheri, Surkhet invites electronic bids from eligible bidders for the following works:

| S. N. | Contract Identification Number | Description Of Works | Bid Security Amount (NRs) | Bid Validity Period | Estimated Amount Without VAT (NRs.) | Non-Refundable Fee for Bid Document Purchase (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | DFOB/PPM/NCB/ 2078/079-02 | Conservation and Management of Baraha Lake (EK Jilla Ek Paryatakiya upaj) | 250,000.0 | 90 days | 8,496,885.18 | 3000.00 | Sealed Bid |

Further Information to bidders;

| For Sealed Bid | |
|---|---|
| Last date and time of Purchase of Bid Document | 2078/11/26 (2022/03/10); upto 5:00PM |
| Last date and time of Bid Submission | 2078/11/27 (2022/03/11); upto 12:00 Noon |
| Date, Time and Place of Bid Opening | 2078/11/27 (2022/03/11); at 2:00 PM, At Division Forest Office Bheri |
| Bid Security Validity Period | 30 Days beyond bid validity period |
| Account No. for Bid Document Purchase | Rastriya Banijya Bank, Surkhet Branch, A/c No.: 1000200010000 (mention purpose of deposit stating contract No. clearly) |
| Account No. for Bid Security Deposit | Rastriya Banijya Bank , Surkhet Branch, A/c No.: 408010020203000 or Bank Guarantee issued by A class commercial Bank in the name of Division Forest Office Bheri Surkhet. (mention purpose of deposit stating Contract Identification No. clearly) |

1. Bidderds shall submit their Bids electronically only no any hard copy will be entertained. For e-bidding visit PPMO's e-procurement web portal **http://bolpatra.gov.np/egp** and for other additional information please contact Division Forest Office Bheri; Contact No: 9863146305 (Engineer).
2. If the last Date of Submission and Opening falls on a Government Holiday then the next working day shall be considered as the last day.
3. Other mandatory informtion as per PPA and PPR.

**DFO**

## चंखेली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**पिप्लाङ्,हुम्ला**
**कर्णाली प्रदेश नेपाल**

### प्रबिधिक प्रस्ताव स्वीकृत गरीएको आशयको सूचना ।

**मिति : २०७८।१०।२६**

यस कार्यालयबाट नया पत्रिका राष्ट्रीय दैनिकमा मिति २०७८/०९/२० गते प्रकाशित सूचना बमोजिम यस कार्यालयको तपशील बमोजिमका निर्माण कार्यहरुको खरीदका लागि विद्युतीय खरीद प्रणाली(E–Bidding) मार्फत आव्हान गरीएको ठेक्का नं.CRM/Humla/work/NCB/04/078–079 को सम्बन्धमा रीत पूर्वक तोकीएकों समय भित्र पर्न आएका बोलपत्रहरुको प्रबिधिक प्रस्तावहरुको मूल्यांकन गर्दा तपशील बमोजिमका फर्महरुको प्रबिधिक प्रस्तावहरु प्रचलित कानुन तथा मापदण्ड बमोजिम मूल्यांकन गरी सारभूत रुपमा प्रभावग्राही भएका प्रबिधिक प्रस्तावहरु सार्बजनिक खरीद ऐन २०६३ (संशोधित २०७५) को दफा २७ को उपदफा २ बमोजिम स्वीकृत गरीएको आशयको सूचना सम्बन्धित सबैको जानकारिकों लागि प्रकाशित गरिन्छ । साथै प्रबिधिक प्रस्तावमा स्वीकृत भएका फर्महरुको आर्थिक प्रस्ताव मिति २०७८/११/०४ गते दिउसो २ बजे खोलीने जानकारी गराईन्छ ।

**तपशील**

| सि. नं. | ठेक्का नं. | स्वीकृत गरीएको फर्मको नाम ठेगाना | कै. |
|---|---|---|---|
| १ | CRM/Humla/work/NCB/04/078–079 | Caravan–Aayush J.V Mugu–05,Shreenagar | |

प्रमुख प्रशासकीय अधिकृत

## गण्डकी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**भुम्लीचोक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७८/१०/२५**

प्रस्तुत विषयमा यस कार्यालयको मिति २०७८/०९/०७ गते विधुतीय माध्यम एवं नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम पर्न आएका बोलपत्रहरु मध्ये देहायको बोलपत्र न्यूनतम मुल्याँकित सारभूत रुपमा प्रभावग्राही भई गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको बोलपत्र मुल्याँकन समितिको मिति २०७८/१०/०९ को निर्णयानुसार स्वीकृतिका लागि छनौट गर्ने निर्णय भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०७७ को नियम ६३ प्रयोजनार्थ सबै बोलपत्रदाताहरुको जानकारी समेतका लागि यो प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स. | ठेक्का नं. | कामको विवरण | स्वीकृतिको लागि छनौट गरिएको फर्मको नाम | कबोल अंक (मुल्य अभिवृद्धि कर बाहेक) | लागत अनुमान भन्दा घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | GRM/GOODS/ NCB/1/2078/79 | *Procurement,supply and Delivery of Agricultural Equipments and tools* | शिव शिखर एग्रो प्रा.लि. काठमाण्डौ | १८,२३,३४६.०० | २६.४२ % |

प्रमुख प्रशासकीय अधिकृत

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२६ माघ २०७८, बुधबार
09 February 2022, Wednesday

# कर्णाली मन्त्रिपरिषद् समावेशी नभएको जनाउँदै अदालतमा रिट

**सुर्खेत/मस–** कर्णाली प्रदेश मन्त्रिपरिषद् समावेशी नभएको जनाउँदै उच्च अदालत सुर्खेतमा रिट दर्ता भएको छ। नेपालको संविधान १६८ (९) बमोजिम समावेशी सिद्धान्त विपरीत मन्त्रिपरिषद् गठन भएको भन्दै अधिवक्ता शेरबहादुर खत्री र अधिकारकर्मी टीका विष्टले मंगलबार उच्च अदालतमा रिट दायर गरेको हो।

मुख्यमन्त्री जीवनबहादुर शाहीले आइतबार संविधान १६८ (९) र १७० (१) बमोजिम मन्त्री नियुक्ति गर्दै मन्त्रिपरिषद् गठन गरेका थिए। गत कात्तिक १६ गते कांग्रेस नेता शाहीको नेतृत्वमा गठन भएको मन्त्रिपरिषद्ले तीन महिनापछि पूर्णता पाएको थियो। आठ सदस्यीय मन्त्रिपरिषद्मा महिला र दलित समुदायको प्रतिनिधित्व छैन्।

कर्णाली प्रदेशसभामा सत्तारुढ गठबन्धन आवद्ध दलका सात महिला सदस्य छन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई विपक्षी बनाइएको रिट निवेदनमा अन्तरिम आदेशसहितको उत्प्रेषण, प्रतिषेध परमादेश लगायतको आदेशको माग गरिएको छ। मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखको कार्यालयले गरेको मन्त्रिपरिषद् गठन गर्ने निर्णय बदर गराउन, महिला तथा दलितको प्रतिनिधित्व हुनेगरी समावेशी सिद्धान्तबमोजिम पुनः मन्त्रिपरिषद् गठन गर्न विपक्षीका नाउँमा उत्प्रेषण, प्रतिषेध परमादेश लगायतको आदेश माग गरिएको छ। साथै रिटको टुङ्गो नलाग्दासम्म नियुक्त मन्त्रीलाई सम्बन्धित मन्त्रालयमा कुनै पनि कामकाज नगर्न नगराउन अन्तरिम आदेशको माग गरिएको छ।

संविधानको धारा १६८ (९) मा 'प्रदेश प्रमुखले मुख्यमन्त्रीको सिफारिसमा प्रदेशसभाका सदस्यमध्येबाट समावेशी सिद्धान्त बमोजिम मुख्यमन्त्रीसहित प्रदेशसभाका कूल संख्याको २० प्रतिशत बढी नहुने गरी प्रदेश मन्त्रिपरिषद् गठन हुनेछ' भन्ने उल्लेख छ।




मुख्यमन्त्री शाहीले यही माघ २३ गते आफ्नो दल कांग्रेसबाट हिमबहादुर शाही, यज्ञबहादुर विसी, नेकपा (माओवादी केन्द्र) बाट गणेशप्रसाद सिंह, छिरिङ डम्डुल लामा (कार्चेन) र नेकपा (एकीकृत समाजवादी) बाट पदम रोकायालाई मन्त्री नियुक्त गरेको थियो। माओवादी केन्द्रका विन्दमान विष्ट र एकीकृत समाजवादीका चन्द्रबहादुर शाही यसअघि नै मन्त्री नियुक्त भएको थियो।

## लुम्बिनी सरकारद्वारा कार्यविधि स्वीकृत




**बुटवल/मस–** लुम्बिनी प्रदेश सरकारले प्रदेश योजना आयोग र प्रदेश प्रशिक्षण प्रतिष्ठानको अस्थायी संगठन संरचना र दरबन्दी २०७९ असारसम्मका लागि स्वीकृत प्रदान गर्ने निर्णय गरेको छ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा सोमबार बसेको प्रदेशको मन्त्रिपरिषद् बैठकले सो निर्णय गरेको हो। बैठकले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको प्रस्तावमा सूचना प्रविधि प्रतिष्ठानको विज्ञ सदस्यमा कमलबहादुर श्रीस थापालाई नियुक्त गर्नुका साथै प्रतिष्ठानका अस्थायी दरबन्दी २०७९ असारसम्मका लागि स्वीकृति दिने निर्णय गरिएको मंगलवार पत्रकार सम्मेलनमा मुख्यमन्त्री कार्यालयका प्रेस संयोजक मानसिंह विकले जानकारी दिए। कानुन, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको प्रस्तावमा पाल्पा दरबार संग्रहालय विकास समिति गठन आदेश २०७८ स्वीकृत गर्ने र प्रदेशसभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधासम्बन्धी ऐन २०७८ अनुसूची हेरफेर गर्ने निर्णय बैठकले गरेको छ।

मन्त्रिपरिषद् बैठकले स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि २०७८ स्वीकृत गर्ने र प्रदेश खेलकूद विकास ऐन, २०७८ संशोधन गर्न बनेको अध्यादेश जारी गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय समेत गरिएको प्रेस संयोजक विकले बताए।

## प्रेस चौतारी धनुषाको अध्यक्षमा कामत चयन




**शुभ नारायण कामती/मध्यान्ह**
जनकपुरधाम, २५ माघ

प्रेस चौतारी नेपाल धनुषाको अध्यक्षमा पुनः अवधेश कामत चयन भएका छन्। जनकपुरधाममा सम्पन्न ९ औं जिल्ला अधिवेशनबाट कामतको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति चयन गरिएको हो।

जिल्ला कार्यसमितिको उपाध्यक्षमा ललनकुमार साह, सचिवमा विजय जयसवाल, सहसचिवमा शंकर थापा र सुनिल कुमार साह, कोषाध्यक्षमा ज्ञानेन्द्र कुमार ठाकुरलाई सर्वसम्मत रुपमा चयन भएका छन्।

त्यस्तै सदस्यहरुमा चित्र श्रेष्ठ, सन्तोष मिश्र र प्रिया कर्णलाई चयन गरिएको छ। राष्ट्रिय महाधिवेशन प्रतिनिधिमा जगदीश साह र गणेश खरेललाई चयन गरिएको छ भने प्रदेश प्रतिनिधिमा भगलु मण्डल र जीव नारायण झालाई चयन गरिएको छ। चयन भएका पदाधिकारीहरुलाई प्रेस चौतारीको मधेश प्रदेश संयोजक फणि महतले शपथग्रहण गराएका थिए। नेकपा एमाले धनुषाका अध्यक्ष राज किशोर यादवको प्रमुख अतिथ्यतामा भएको अधिवेशनमा केन्द्रीय सदस्य अर्जुन क्षेत्री, धर्वेन्द्र झा, गोपाल बराल र पूर्व अध्यक्ष जगदीश साह लगायतको उपस्थिति थियो।

## पाँच हजार किलो केराउसहित भारतीय ट्रक नियन्त्रणमा




**कपिलवस्तु/मस–** प्रहरीले कपिलवस्तुबाट पाँच हजार किलो केराउ सहित ट्रक नियन्त्रणमा लिएको छ।

सोमबार राति यशोधरा गाउँपालिका-७ मर्यादपुरबाट भारत गइरहेको युपी ५५ टी २२ ९५ नम्बरको ट्रक चेकजाँच गर्दा उक्त परिमाणको केराउ बरामद भएकोले चालक सहित भारतीय ट्रक नियन्त्रणमा लिएको कपिलवस्तु प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक धर्मराज भण्डारीले बताए।

ट्रक चालक भारत जिल्ला सिद्धार्थनगर ग्राम इटवाका २७ वर्षीय धनप्रकाश अग्रहरि छन्। तेस्रो मुलुकबाट सस्तो मूल्यमा नेपालमा आयात हुने केराउ व्यापारीको मिलेमतोमा भारततर्फ तस्करी हुँदै आएको छ।

नियन्त्रणमा लिइएको ट्रक र केराउको मूल्य १७ लाख मूल्यांकन गरी भन्सार कार्यालय सुठौली पठाउने तयारी भइरहेको प्रवक्ता भण्डारीले बताए।


## युएईमा रोजगार

कम्पनी : UNITED PRE CAST CONCRETE DUBAI L.L.C. शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/२३ चलानी नं.: ६०१७१५९९ LT. No.:255333 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | A/c Techinician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,९५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | | 1200 | ३८,९५१ | | | | | | | |
| 3. | Febrication/Repair Finishing Team Leader | 2 | 0 | | 1200 | ३८,९५१ | | | | | | | |
| 4. | Foreman | 5 | 0 | | 2500 | ८१,१५० | | | | | | | |
| 5. | General Labour | 76 | 0 | | 800 | २५,९६८ | | | | | | | |
| 6. | Mason | 5 | 0 | | 1200 | ३८,९५१ | | | | | | | |
| 7. | Motor Mechanic | 1 | 0 | | 1200 | ३८,९५१ | | | | | | | |
| 8. | Operator | 5 | 0 | | 1200 | ३८,९५१ | | | | | | | |
| 9. | Welder/fabricator | 4 | 0 | | 1200 | ३८,९५१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ४ गते (16 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.**
श्रम इजाजत नं.: १२५/०५५/०५६
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np
Certificate No.:15956



## UAE मा रोजगार

कम्पनीः ALIVAR CLEANING SERVICES - SOLE PROPRIETORSHIP L.L.C. शहरः UAE

पूर्व स्वीकृत मितिः २०७८/१०/२५ चलानी नं.: ६०१७४१७४ LT. No.: 249508

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 15 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Filing Clerk | 0 | 2 | | 1000 | ३२,४६० | | | | | | | |
| 3. | Male Cleaner | 4 | 0 | | 900 | २९,२१४ | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले व्यहोर्ने | कामदार आफैले व्यहोर्ने | निःशुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ४ गते (16 February 2022) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**माउण्टेन ग्रुप ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ९९४/०६८/०६९
धापासी-९, बसुन्धारा, काठमाडौं, नेपाल, फोनः 014987494, 014983983
मोः ९८४११३५५३५, ९८५१२१११८८, फ्याक्सः 014987495



## साउदीमा रोजगार

कम्पनीः LATIFA BAKHEET FATIM AL-MUTAIRI CONTRACTING EST शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/१०/२५ चलानी नं.: ६०१७४१४८ LT. No.: 257573

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ फागुन ४ गते (16 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**J J Human Resource Pvt. Ltd.**
श्रम इजाजत नं.: १०४०/०७३/०७४
Sinamangal-9, Manpower Bazar, Kathmandu, Tel : 4486825, 4486826
Mob.: 9851228946, 9851008265, 9851053767, Fax : 4486826
E-mail : jjhumanresource1040@gmail.com info@ jjhumanresource.com, Web : jjhumanresource.com



## UAE मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : ARMED FORCES OFFICER CLUB HOTEL शहर : ABU DHABI

पूर्व स्वीकृत मितिः २०७८/03/२१ चलानी नं.: ६०१५९७४९ LT. No.: 241809 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 100 | 100 | सम्बन्धित काममा दक्ष | 800 | २५,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 50 | 0 | | 800 | २५,९६८ | | | | | | | |
| 3. | Waiter | 50 | 0 | | 1300 | ४२,१९८ | | | | | | | |
| 4. | Waitress | 0 | 50 | | 1300 | ४२,१९८ | | | | | | | |
| 5. | Commis I | 15 | 5 | | 1600 | ५१,९३६ | | | | | | | |
| 6. | Captain | 30 | 0 | | 1900 | ६१,६७४ | | | | | | | |

अन्तर्वार्ता सि.पी. होटेल, विर्तामोड झापामा २०७८ फागुन ४ गते (16 February 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

